# नीति

# आर्थिक सहायता योग्यता नीति

**यो नीति निम्न Corewell Health स्थलहरूमा लागू हुन्छ:**

Beaumont Corporate Shared Services, Beaumont Dearborn, Beaumont Farmington Hills, Beaumont Grosse Pointe, Beaumont Medical Group, Beaumont Pharmacy Solutions, Beaumont Royal Oak, Beaumont Taylor, Beaumont Trenton, Beaumont Troy, Beaumont Wayne, Big Rapids (Mecosta County Medical Center), Continuing Care, Corewell Health Watervliet Hospital, Corporate (Spectrum Health System), Gerber Memorial (Newaygo County General Hospital Association), Ludington (Memorial Medical Center of West Michigan), Outpatient/ Physician Practices, Pennock (Pennock Hospital), Post Acute Care (Beaumont), Reed City (Reed City Hospital Corporation), SH GR Hospitals (Spectrum Health Hospitals), SHMG, Spectrum Health Lakeland (Lakeland Hospitals at Niles and St. Joseph Inc.; Applicable Corewell Health South Regional Sites), United/Kelsey (Spectrum Health United; Spectrum Health Kelsey Hospital), Zeeland (Zeeland Community Hospital)

| | |
|---|---|
| **उपयुक्तता सीमित छः** | लागू हुँदैन |
| **सन्दर्भ #:** | 2983 |
| **संस्करण #:** | 11 |
| **लागू मिति:** | 11/01/2022 |
| **कार्यात्मक क्षेत्र:** | फाइनान्स, राजस्व चक्र |
| **विभाग क्षेत्रः** | फाइनान्स, बिरामी पहुँच |

**गैर-भेदभावको सूचना:** Corewell Health र सबै सहायक निकायहरूको नीति भनेको सबै मानिसका लागि समान गुणस्तरीय स्वास्थ स्याहार उपलब्ध गराउनु हो। Corewell Health ले जात, रङ, राष्ट्रिय मूल, नागरिकता, लिङ्ग, धर्म, उमेर, अपाङ्गता, राजनीतिक आस्था, लैङ्गिक झुकाव र वैवाहिक वा पारिवारिक स्थितिको आधारमा भेदभाव गर्ने छैन। भर्ना र उपचारका निर्णयहरू केवल चाहिएको स्वास्थ्य स्याहार र उपचार उपलब्ध गराउनका लागि बिरामीको चिकित्सा आवश्यकता र उक्त सुविधास्थलको क्षमता र सक्षमताहरूको आधारमा हुने छन्। कुनै पनि जात, रङ, लैङ्गिक्ता, लिङ्ग, जाति, राष्ट्रिय मूल, धर्म, अपाङ्गता, उमेर, HIV स्थिति, सेवानिवृत्त वा सैनिक सेवा स्थिति, सेवाका लागि भुक्तान गर्ने स्रोत वा संघीय, राज्य वा स्थानीय कानुनद्वारा निषेधित अन्य कुनै पनि कारणको आधारमा भर्ना र उपचारलाई अस्वीकार गरिने छैन। बिरामीहरूलाई उनीहरूका लैङ्गिक्ता परिचयसँग मिल्ने तरिकामा उपचार गरिने छ। यसका साथै, नेशनल हेल्थ सर्भिस कर्प्स ("NHSC")-र Michigan स्टेट लोन रिपेमेन्ट प्रोग्राम ("MSLRP") द्वारा स्वीकृत स्थलहरूले व्यक्ति (र योग्यता कार्यक्रममा आधारित हुँदैन) लाई ती सेवाहरूका लागि भुक्तानी Medicare, Medicaid वा CHIP मार्फत गरिए तापनि उसले तिर्नसक्ने क्षमताको आधारमा उक्त व्यक्तिले पाउने सेवाहरूमा कुनै भेदभाव गरिने छैन; र उक्त व्यक्तिको जात, रङ, लिङ्ग, राष्ट्रिय मूल, अपाङ्गता, धर्म, उमेर, लैङ्गिक झुकाव वा लिङ्ग पहिचानका आधारमा कुनै भेदभाव गरिने छैन।

थप विवरणका लागि बिरामीका अधिकार र कर्तव्यहरू (Corewell Health Southeast Michigan), बिरामीका अधिकार र कर्तव्यहरू (Corewell Health Southwest Michigan) वा बिरामीका अधिकार र कर्तव्यहरू (Corewell Health West Michigan) का नीति हेर्नुहोस्।

घट्दो स्केलको छुट कार्यक्रम नीति NHSC र MSLRP द्वारा स्वीकृत स्थलहरूमा मात्र लागू हुन्छ संलग्न B हेर्नुहोस्।

गैर भेदभावको पूर्ण सूचनाका साथै भाषा सहायताको उपलब्धताका लागि संलग्न C हेर्नुहोस्।

**1. उद्देश्य**

Corewell Health मा आर्थिक सहायता पाउनका लागि को योग्य हुनुहुन्छ भनी उचित निर्धारण गर्नका लागि प्रक्रिया उल्लेख गर्न। बिरामी र जनसमुदायका लागि उपलब्ध रहेको आर्थिक सहायताको उपलब्धतामा सञ्चार गर्न र आर्थिक सहायता अनुरोध गर्नका लागि एकरूप मार्गनिर्देशनहरू लागू भएको कुरा सुनिश्चित गर्न, Corewell Health को स्थानलाई ध्यान नदिइकन बिरामी सेवा जहाँ भए तापनि उपलब्ध गराइन्छ।

यो नीति संशोधन गरिएअनुसार 1986 को आन्तरिक राजश्व संहिता (Internal Revenue Code of 1986) को खण्ड 501(r) का आवश्यकताहरू पूरा गर्न अभिप्रेरित छ, जसले अस्पतालहरूमा आर्थिक सहायता, शुल्क सीमितता र बिलिङ र सङ्कलनका गतिविधिहरूको सम्बन्धमा निश्चित आवश्यकताहरू लागू गर्छ। Corewell Health का स्थनहरूमा उपलब्ध गराइएका सेवाहरू बापत भुक्तानी तिर्ने माध्यम नभएका बिरामीहरूले आर्थिक सहायता अनुरोध गर्न सक्नुहुन्छ र यस नीतिको नियम र सर्तहरू बमोजिम, आर्थिक सहायता प्रदान गर्न सकिन्छ।

यो नीति केही Medicare लागतसम्बन्धी रिपोर्टिङ नियमहरू पूरा गर्न पनि अभिप्रेरित छ।

**2. कर्तव्यहरू**

यो Corewell Health आर्थिक सहायता योग्यता नीति (यो "नीति") लाई आर्थिक सहायता योग्यता विभागीय प्रक्रियाहरू र शिक्षाको समर्थनमा उल्लेख गरिएअनुसार उपयुक्त रूपमा नियुक्त गरिएका Corewell Health का कर्मचारीद्वारा प्रबन्ध मिलाइने छ।

**3. नीति वियषवस्तु**

Corewell Health ले बिरामी/जमानीकर्ताले तल दिइएको खण्ड 6.6 मा उल्लेख गरिएका आर्थिक कठिनाइसम्बन्धी मार्गनिर्देशनहरू बमोजिम योग्य हुने र Corewell Health लाई यसका आर्थिक सहायता योग्यता विभागीय प्रक्रियाहरूको प्रशासनमा सहयोग गर्ने परिस्थितिहरूमा आपतकालीन वा चिकित्सकीय आवश्यकता स्याहारका लागि बिरामीको आर्थिक कर्तव्य रद्द गर्ने छ। कुनै पनि शुल्कको छुट गर्नुअघि आर्थिक सहायताको सद्भावपूर्ण निर्धारण गरिनुपर्छ।

**4. दर्शन**

आपतकालीन र चिकित्सकीय स्याहार आवश्यकता उपचारको आधारमा हुने छ, आर्थिक बाध्यतामा होइन। आर्थिक सहायता दिने निर्णय स्पष्ट आर्थिक आवश्यकताहरूमा आधारित हुने छ र यो सक्षम हुँदा बिरामी/जमानीकर्तासँगको सहकार्यमा प्रदान गरिने छ। आर्थिक सहायताका लागि आवेदन दिने सम्पूर्ण बिरामी/जमानीकर्ताहरूका प्राथमिक भुक्तानीकर्तालाई ध्यान नदिइकन समान आर्थिक सहायता प्रक्रिया अन्तर्गत हुने छन्।

चिकित्सकीय आवश्यक स्याहार सबैभन्दा उचित स्तरको स्याहारलाई ध्यानमा राख्दै चिकित्सकीय रूपमा आवश्यक हुने भनी निदान गरिएको वा उचित रूपमा शंका गरिएको कुनै रोग वा चोट पत्ता लगाउन वा उपचार गर्न आवश्यक पर्ने ती सेवाहरूको रूपमा परिभाषित गरिएको छ। बिरामीको चिकित्सकीय अवस्थाको आधारमा, स्याहारको प्रावधानका लागि सबैभन्दा उपयुक्त स्थल घर, चिकित्सकको कार्यालय, बहिरङ्ग सुविधा वा दिर्घकालीन स्याहार, पुनर्स्थापना केन्द्र वा अस्पतालका बेड हुन सक्छन्। चिकित्सकीय रूपमा आवश्यक हुनका लागि, सेवा:

- रोग वा चोटको उपचार गर्नका लागि आवश्यक हुनुपर्छ;
- बिरामीको रोग निदान र उपचारमा एकरूपता हुनुपर्छ;
- राम्रो चिकित्सकीय अभ्यासका मापदण्ड बमोजिम हुनुपर्छ;
- बिरामी वा बिरामीको चिकित्सकको सुविधाका लागि हुनुहुँदैन; र
- बिरामीको चिकित्सकीय अवस्थाले निर्धारण गरेअनुसारको सबैभन्दा उपयुक्त स्तरको स्याहार हुनुपर्छ तर बिरामीको आर्थिक वा पारिवारिक परिस्थितिअनुसार हुनुहुँदैन

आपतकालीन स्याहार "चिकित्सकीय रूपमा आवश्यक" मानिन्छ।

**5. आपतकालीन चिकित्सकीय स्याहार नीति**

Corewell Health ले कुनै भेदभावविना व्यक्तिलाई तिनीहरूको तिर्न सक्ने क्षमता वा आर्थिक सहायताको योग्यतालाई मध्य नजर नगरिकनै, आपतकालीन चिकित्सकीय रोगहरूका लागि स्याहार उपलब्ध गराउने छ।

आपतकालीन चिकित्सकीय अवस्थाहरू अचानक लाग्ने घातक लक्षणसहित स्वास्थ्य अवस्थाको परिणाम हुन सक्छन् जसलाई तत्काल उपचार गरिएन भने, उक्त अवस्थाले बिरामीको स्वास्थ्यलाई शरीरको कुनै पनि अङ्ग वा भागलाई गम्भीर रूपले नचल्ने बनाउन पनि सक्ने गम्भीरर खतरामा पार्न सक्छ। Corewell Health व्यक्तिहरूलाई आपतकालीन चिकित्सा स्याहार खोज्नबाट निरुत्साहित गर्ने कार्यहरूमा संलग्न हुने छैन र त्यसको अन्त्यमा, इमर्जेन्सी मेडिकल ट्रिटमेन्ट एण्ड एक्टिभ लेबर एक्ट (EMTALA) (Corewell Health Southeast Michigan) इमर्जेन्सी मेडिकल कन्डिशन / ट्रिटमेन्ट / ट्रान्सफर पोलिसि (इमर्जेन्सी मेडिकल ट्रिटमेन्ट एण्ड एक्टिभ लेबर एक्ट - EMTALA) (Corewell Health Southwest and West Michigan) नीतिमा थप व्याख्या गरिएअनुसार उपचार गर्नुअघि ऋण सङ्कलन वा सेवाहरूको पूर्व-भुक्तानीको मागबाट हस्तक्षेप नहुनेगरी आपतकालीन स्याहार उपलब्ध गराइने छ।लिगेसी।

## 6. नीति

### 6.1. आवासीय आवश्यकता

स्वास्थ्य सुधार गर्ने, मानवता स्थिर गर्ने र आशा जगाउने हाम्रो लक्ष्य कायम राख्नका लागि, Corewell Health ले न्यूनतम छ-महिना Michigan राज्यमा बसोबास गरेको देखाउने वा अस्पतालले सेवा गर्ने "समुदाय" को रूपमा सामुदायिक स्वास्थ्य आवश्यकता मूल्याङ्कनमा पर्ने समुदायका आवेदकहरूमा आर्थिक सहायताको विचार सीमित गर्ने छ। आपतकालीन स्याहारको आवश्यकता भएका बिरामी वा अन्य स्वास्थ्य सेवा प्रदायकको सेवा क्षेत्रमा उपलब्ध नभएको चिकित्सकीय आवश्यक स्याहार खोज्नेहरूलाई अपवादमा राख्न सकिने छ।

### 6.2. संक्षिप्त विवरण

**6.2.1.** आर्थिक सहायता खोज्नुअघि, बिरामी/जमानीकर्ता र Corewell Health ले खण्ड 6.3 मा थप उल्लिखित तेस्रो-पक्ष भुक्तानीका सबै उचित स्वरूपहरू पालना गर्ने छन्।

**6.2.2.** Corewell Health को नीति भनेको सेवा पहिले वा पहिला स्टेटमेन्ट प्रस्तुत गरिएको अवस्थामा, भुक्तानीको लागि अन्य स्वीकृत व्यवस्थाहरू नगरिएसम्म, प्रयोगात्मक/अनुसन्धानात्मक अध्ययन, ऐच्छिक कस्मेटिक सेवा र बेरियाट्रिक शल्य चिकित्सा प्रक्रियाहरू लगायतका गैर-आपतकालीन वा गैर-चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि भुक्तानीसम्बन्धी निर्णय आवश्यक गराउनु हो। Corewell Health ले स्वीकृत नभएको वा बीमाद्वारा कभर नगरिएको गैर-आपतकालीन स्याहारका लागि भुक्तानीसम्बन्धी निर्णय पनि आवश्यक पर्छ।

**6.2.3.** आर्थिक रूपमा भुक्तानी गर्न नसक्ने वा Corewell Health द्वारा सम्भावित रूपमा भुक्तानी गर्न नसक्ने भनी पहिचान गरिएका, बिरामी/जमानीकर्ताहरूलाई उपयुक्त रूपमा तोकिएको Corewell Health कर्मचारीसँग मूल्याङ्कनका लागि पठाइने छ। Corewell Health को कर्मचारीले भुक्तानी गर्न नसक्ने देखाएको छ वा छैन भनेर निर्धारण गर्न आर्थिक सहायता आवेदन प्रक्रिया अगाडि बढाउन सक्छन्। बिरामी/जमानीकर्तालाई आर्थिक सहायता आवेदन भर्न आग्रह गरिन सक्छ। आवेदनमा उपलब्ध गराइएको जानकारी प्रमाणित गर्न क्रेडिट रिपोर्ट प्राप्त गर्न सकिन्छ तर आर्थिक सहायता पाउने वा नपाउने योग्यताको निर्धारण गर्नका लागि मात्र प्रयोग गरिने छैन। Corewell Health नीति र प्रक्रियाहरूसँग मिल्दोजुल्दो आर्थिक सहायताका लागि अनुमानित रूपमा योग्य हुने र पछि गएर प्रमाणित हुने केही बिरामी/जमानीकर्ताहरूका लागि आर्थिक आवेदनको अंश वा सम्पूर्ण प्रक्रियालाई छुट गर्न सकिन्छ।। अनुमानित योग्यताको जाँच प्रक्रियाको अवधिमा, Corewell Health ले तेस्रो पक्षद्वारा-विकसित गणनाको नमूना प्रयोग गरेर बिरामीको घरायसी आम्दानी अनुमान गर्न सक्छ, जसले क्रेडिट रिपोर्ट जानकारी, स्वयं-रिपोर्ट गरिएको डाटा, मार्केटिङ डाटा स्रोतहरू र बिरामीको रिपोर्ट गरिएको ठेगाना नजिक अरूका औसत आम्दानीहरू प्रयोग गर्दछ। अनुमानित योग्यताका अन्य उदाहरणहरूमा घरबारविहीन समावेश हुन सक्छन्।

**6.2.4.** आर्थिक आवेदन प्रक्रियाको परिणाम स्वरूप, सहायता मापदण्ड पूरा भएन भने, बिरामी/जमानीकर्तालाई बिलिङ र सङ्कलन नीति (Corewell Health Southeast Michigan) वा बिरामी जिम्मेवार ब्यालेन्स बिलिङ र सङ्कलन नीति (Corewell Health Southwest and West Michigan) र उपयुक्त प्रक्रियाहरूअनुसार भुक्तानीको व्यवस्था गर्न सल्लाह दिइने छ, जसमा बिरामी/जमानीकर्ता छुट र/वा अन्य भुक्तानी विकल्पहरू जस्तै तत्काल भुक्तानी छुट, भुक्तानी योजनाहरू, आदिका लागि योग्य हुन सक्छन्।

**6.2.5.** आर्थिक कठिनाइ मार्गनिर्देशनहरू लागू हुन सक्छ जस्तो देखिन्छ भने, बिरामी/जमानीकर्तालाई आवेदनमा विस्तृत रूपमा समर्थन गर्ने कागजात उपलब्ध गराउन आग्रह गर्न सकिन्छ र सोहीअनुसार आवेदन प्रक्रिया गरिने छ।

**6.2.6.** बिरामीको खातालाई निर्णयको परिणामसँगै कागजात गरिने छ। बिरामी/जमानीकर्तालाई लिखित रूपमा निर्णय (लागू भएमा, व्यक्ति योग्य छ भन्ने सहयोगसहित) र निर्धारणको आधारका बारेमा जानकारी गराउन उचित प्रयासहरू गरिने छ।

**6.2.7.** आवेदनहरूका लागि सबै उपयुक्त र समर्थन गर्ने कागजातलाई कागजात धारण नीति र प्रक्रियाहरू (Corewell Health Southeast Michigan) वा रेकर्ड व्यवस्थापन, धारण र विनाश नीति (Corewell Health Southwest and West Michigan) बमोजिम राखिने छ।

### 6.3. तेस्रो पक्ष भुक्तानी स्रोतहरू

आर्थिक सहायता खोज्नुअघि, बिरामी/जमानीकर्ता र Corewell Health ले Medicaid र स्वास्थ्य बीमा बजारमा भर्नासहित समावेश भएको तर सीमित नभएको तेस्रो-पक्ष भुक्तानीका सबै उचित स्वरूप पालना गर्ने छन्।

Corewell Health ले अनुसन्धान, प्रमाणित, अन्तर्वार्ता र निम्न कार्य अनुरोध गर्ने अधिकार सुरक्षित राख्दछ:

- कुनै पनि तेस्रो-पक्ष बीमा स्रोतका सबै लाभहरू;
- बिरामी/जमानीकर्ता योग्य हुन सक्ने राज्य वा संघीय सहायता कार्यक्रमहरूका सबै लाभहरू;
- कुनै पनि परोपकारी संस्थाका सबै लाभहरू; र/वा
- विचाराधीन मुद्दा।

आर्थिक सहायता भनेको अन्तिम उपायको खातासम्बन्धी निर्णय प्रक्रिया हो। जस्तै, बिरामी/जमानीकर्ताले माथिको कुनै पनि लागूयोग्य कार्यक्रमहरूअन्तर्गतका सबै जिम्मेवारी पूरा गर्नुपर्छ वा आर्थिक सहायताका लागि योग्य हुनुअघि उपलब्ध व्यक्तिगत स्रोतहरू प्रयोग गर्नुपर्छ। अनुरोध गरिएको जानकारी उपलब्ध गराउन वा माथिको कुनै एक कार्यक्रममा भाग लिन बिरामी/जमानीकर्ता असफलताले आर्थिक सहायता अस्वीकार गरिन पनि सक्छ।

### 6.4. आर्थिक सहायताको उपलब्धता

Corewell Health ले आर्थिक सहायताको उपलब्धताको सम्बन्धमा बिरामी र जनतामा सञ्चारलाई व्यापक रूपमा प्रचार गर्ने उपायहरू लागू गरेको छ। सञ्चार विधिहरूमा प्रत्येक अस्पतालको आकस्मिक विभाग, दर्ता क्षेत्रहरू र अन्य सार्वजनिक स्थानहरूमा चेतावनी सङ्केतका साथै Corewell Health को वेबसाइटमा भएको जानकारी (खण्ड 6.5 मा सन्दर्भ गरिएको छ) समावेश छ तर सीमित छैन। यसका साथै, Corewell Health ले बिरामीको प्रवेश र/वा डिस्चार्ज प्रक्रियाको एक अंशको रूपमा आफ्नो आर्थिक सहायता योग्यता नीतिको सरल भाषाको सारांश प्रदान गर्नुका साथै व्यक्तिहरूलाई आवेदन प्रक्रिया भर्नका लागि सहयोग उपलब्ध गराउने छ।

बिरामीहरूलाई पहिलो डिस्चार्ज-पछिको बिलिङ स्टेटमेन्टको मितिबाट कम्तीमा 120 दिनको अवधिका लागि आर्थिक सहायता योग्यता नीतिको बारेमा सूचित गरिने छ। बिरामीका ब्यालेन्स पहिलो डिस्चार्ज-पछिको बिलिङ स्टेटमेन्ट ("आवेदन अवधि") को मितिदेखि कम्तीमा 240 दिनका लागि आर्थिक सहायता मूल्याङ्कनका लागि योग्य हुने छ। Corewell Health ले आवेदनको अवधिमा आर्थिक सहायता आवेदन प्राप्त गर्छ भने, आवेदन पूर्ण होस् वा अपूर्ण होस्, आर्थिक सहायता योग्यतासम्बन्धी निर्णय नभएसम्म यसले कुनै पनि सङ्कलनका प्रयासहरूलाई स्थगित गर्ने छ।

Corewell Health मा बिरामीहरूलाई Corewell Health को आर्थिक सहायता योग्यता नीति र प्रक्रिया प्रयोग नगर्ने प्रदायकहरूद्वारा केही सेवाहरू प्रदान गर्न सकिन्छ। यी प्रदायकहरूको सूचीका लागि, कृपया सबैभन्दा हालको संलग्नक A हेर्नुहोस्, जसलाई समय-समयमा जानकारी परिवर्तनको रूपमा अद्यावधिक गरिने छ।

### 6.5. आर्थिक सहायता पहिचान र आवेदन प्रक्रिय

आर्थिक सहायता योग्यता प्रक्रियाको लक्ष्य भनेको बिरामी/जमानीकर्ताको भुक्तानी गर्ने क्षमता निर्धारण गर्नु हो। आर्थिक सहायता योग्यता नीतिका साथै हालको आर्थिक सहायता आवेदनको निःशुल्क प्रतिलिपि र नीतिको सरल भाषा सारांश सबै Corewell Health का स्थानहरूमा उपलब्ध छन्। यसका साथै, निःशुल्क प्रतिलिपि यहाँ प्राप्त गर्न सकिन्छ:

- लागि Corewell Health Southeast Michigan:
  - https://www.beaumont.org/patients-families/billing/financial-assistance
  - (877) 687.7309 मा कल गरेर
  - वा EastFinancialCounseling@corewellhealth.org मा इमेल गरेर
- लागि Corewell Health Southwest Michigan:
  - https://www.spectrumhealthlakeland.org/patient-visitor-guide/patient/billing/financial-assistance
  - (844) 408.4103 मा कल गरेर
  - वा SHLFinancialCounseling@corewellhealth.org मा इमेल गरेर
- लागि Corewell Health West Michigan:
  - https://www.spectrumhealth.org/billing/financial-assistance
  - (844) 838.3115 मा कल गरेर
  - वा FinancialCounseling@corewellhealth.org मा इमेल गरेर

प्रत्येक व्यक्तिले आर्थिक सहायता आवेदन पूरा गर्न र आवेदनको भागको रूपमा Corewell Health ले अनुरोध गरेको जानकारी उपलब्ध गराउन आवश्यक हुन सक्छ। Corewell Health ले खण्ड 6.6 मा उल्लिखित आर्थिक कठिनाइ मार्गनिर्देशनहरूको आधारमा आर्थिक सहायता निर्धारण गर्दछ। Corewell Health लाई पे स्टबहरू, संघीय आयकर रिटर्नहरू र आवेदनमा वर्णन गरिएका अन्य कुनै पनि आय र सम्पत्ति प्रमाणिकरण स्रोतहरूको प्रतिलिपि आवश्यक पर्दछ। प्रविधि र अन्य सार्वजनिक रेकर्डहरू जस्तै दिवालियापन फाइलिङ, मृत्युका रेकर्ड र सम्पत्ति फाइलिङहरू बिरामीहरूलाई पहिचान गर्नका लागि सक्रिय रूपमा र प्रभावकारी रूपमा मद्दत गर्न प्रयोग गर्न सकिन्छ जो सहायताका लागि योग्य छन् तर उनीहरूले पूर्ण आवेदन जानकारी प्रदान गर्न सक्दैनन् वा विशेष परिस्थितिहरूमा भुक्तान गर्न सक्ने क्षमताको आवश्यक डाटा र विश्लेषण प्राप्त गर्ने प्रक्रियालाई स्वचालित गर्न सक्दैनन्। प्रविधिलाई अनुमानित योग्यताको साथ सहयोग गर्न प्रयोग गर्दा यो आवेदनको भागको रूपमा माग गरिएको जानकारी प्राप्त गर्न प्रयोग गरिने छ। आश्रय रेकर्ड वा अन्य स्वीकृत स्रोतहरूद्वारा मानिएको रूपमा दिवालियापनको सुरक्षा पुष्टि भएको, रउक्त घरबारविहीन भएका आवेदकहरूलाई अनुमानित योग्यता प्रदान गरिने छ। आवेदकहरूलाई माथिको खण्ड 6.3 मा पहिले उल्लेख गरिएको तेस्रो पक्ष बीमा, राज्य, संघीय वा अन्य परोपकारी कार्यक्रमहरूबाट लाभहरूका लागि आवेदन दिनमा सहायता र सहकार्य गर्न अनुरोध गर्न सकिन्छ।

Medicaid लाभार्थी भएका बिरामीलाई परोपकारी स्याहार समायोजनको रूपमा 100% आर्थिक सहायताका लागि योग्य भएको मानिने छ।

Corewell Health ले प्रयासहरू नदोहोऱ्याउनका लागि साझेदार संस्थाहरूलाई आर्थिक सहायता योग्यताको निर्धारण गर्न सक्छ। साझेदार संस्थाहरूले योग्यता उद्देश्यका लागि यो नीतिको दिशानिर्देशहरू अपनाउने छन् वा तिनीहरूले सेवा गर्ने जनसंख्याको प्रकृति अनुसार हाम्रो आवेदनको न्यूनतम मापदण्डहरू पूरा गरेको हुने छ। प्रतिनिधिमण्डल हुँदा, Corewell Health ले समय-समयमा यस नीतिको अनुपालन सुनिश्चित गर्न निर्धारण गर्ने संस्थाहरूको कागजात समीक्षा गर्ने छ।

**6.6. आर्थिक कठिनाइ दिशानिर्देश योग्यताहरू**

नेशनल हेल्थ सर्भिस कर्प्स ("NHSC") अनुमोदित अभ्यास स्थल वा Michigan स्टेट लोन रिपेमेन्ट प्रोग्राम ("MSLRP") अनुमोदित अभ्यास स्थलमा स्याहार प्राप्त गर्ने बिरामीहरू बाहेककाहरूलाई आर्थिक सहायता योग्यता निर्धारण गर्दा, Corewell Health ले बिरामी/जमानीकर्ताले अनुरोध गरिएको वा पहिले प्रदान गरिएका सेवाहरूका लागि Corewell Health लाई भरपाई गर्न सक्ने क्षमताको मूल्याङ्कन गर्ने छ।

भुक्तानी गर्ने क्षमताको मूल्याङ्कन गर्दा Corewell Health ले निम्न जानकारीको मूल्याङ्कन गर्ने छ:

- आय स्तर
- जम्मा मूल्य
- रोजगारी स्थिति
- अन्य आर्थिक दायित्वहरू
- स्वास्थ्य सेवाका बिलहरूको पैसा र आवृत्ति

माथिको जानकारी प्रमाणित गर्न क्रेडिट रिपोर्ट प्राप्त गर्न सकिन्छ। Corewell Health ले हालको अमेरिकी संघीय गरिबी दिशानिर्देशहरू (FPG) लाई आय योग्यताहरूको आधारको रूपमा प्रयोग गर्ने छ। स्वास्थ तथा मानव सेवाहरूको विभागद्वारा वार्षिक रूपमा प्रकाशन गरिएअनुसार वर्तमानको FPG (हालको मार्गनिर्देशनहरूका लागि https://aspe.hhs.gov/poverty-guidelines हेर्नुहोस्) द्वारा परिभाषित गरिएअनुसार तिर्नुपर्ने रकम आर्थिक दायित्व (निःशुल्क स्याहार) उन्मूलन गर्ने योग्य आय अन्यथा 250 प्रतिशत गरिबी हुने छ।

बिरामी/जमानीकर्ताको घरायसी आम्दानीसँग सम्बन्धित आर्थिक रेकर्डहरू पनि तेस्रो पक्षलाई जिम्मेवारी तोक्नका लागि नभएर आवेदकको आर्थिक अवस्थालाई कसरी प्रत्यक्ष रूपमा असर गर्छ भनी निर्धारण गर्न अनुरोध गर्न सकिन्छ। घरपरिवारलाई, संयुक्त राज्य जनगणना ब्यूरोको परिभाषा अनुसार, दुई वा बढी सम्बन्धित परिवारका सदस्यहरूको समूह हो भनिएको छ, चाहे जन्म, विवाह, धर्मपुत्र वा अन्यथा जे भएपनि, तिनीहरू जो सँगै बस्छन् (गैर-आफन्तहरू, जस्तै घरका साथीहरू, यसमा पर्दैनन्); जो एउटै घरमा बस्ने सबै सम्बन्धित व्यक्तिहरूलाई एउटै घरको सदस्य मानिन्छ। Corewell Health ले एउटा घरमा बस्ने व्यक्तिहरूअलग बसेर केवल एउटा संयुक्त घरपरिवारलाई सहायता गर्नेलाई विचार घरको सदस्य मान्दैन। रोगको कारण अस्थायी रूपमा बसेको अवस्था पनि लागू हुने छैन।

भुक्तानी गर्ने क्षमताको मूल्याङ्कन गर्दा बिरामीको चिकित्सकीय, व्यवहार र/वा सामाजिक इतिहासलाई विचार गरिँदैन।

**6.7. एकरूपता**

Corewell Health भित्र यस नीतिको एकरूप आवेदनलाई लागू गर्नको लागि, निम्न कुराहरू Corewell Health का सबै उपयुक्त स्थलहरूमा लागू हुन्छः

- सबै शुल्कहरू सामान्य चार्जिङ प्रक्रियाहरूअनुसार बिरामीको खातामा रेकर्ड गरिने छ। यद्यपि शुल्कहरू बिलिङ र सङ्कलन रेकर्ड राख्ने उद्देश्य आधार हुन्, लागतहरू (शुल्कहरू होइन), आर्थिक सहायताको मूल्याङ्कनका लागि प्राथमिक रिपोर्टिङ गर्ने इकाई हुने छ।
- सेवाहरूलाई कम शुल्कमा "डाउनकोड" गरिने छैन।
- "व्यावसायिक शिष्टाचार" को उपयोग गरिने छैन।
- Corewell Health ले जात, रङ, राष्ट्रिय मूल, नागरिकता, लिङ्ग, धर्म, उमेर, अपाङ्गता, राजनीतिक आस्था, लैङ्गिक झुकाव र वैवाहिक वा पारिवारिक स्थितिको आधारमा भेदभाव गर्ने छैन।
- यस नीतिको मापदण्ड पूरा गर्ने र आर्थिक सहायताको लागि अनुमोदित भएका बिरामीहरू धारा 6.9 मा उल्लिखित स्वीकृत अवधिमा निःशुल्क आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक स्याहारका लागि योग्य हुने छन्। Corewell Health ले यस नीति अन्तर्गत आर्थिक सहायताका लागि योग्य बिरामीहरूलाई कुनै रकम तिर्न नलगाउने भएकाले, Corewell Health पूर्णतया "सामान्यतया बिल गरिएको रकम" र परोपकारी अस्पतालहरूमा लागू हुने कूल-शुल्क-भन्दा कम सीमितताहरू अनुरूप छ।

**6.8. आवेदन स्वीकृति प्रक्रिया**

**6.8.1.** सबै आर्थिक सहायता निर्धारणहरूको कार्यलाई आर्थिक सहायता योग्यता विभागीय प्रक्रिया र शिक्षामा उल्लिखित उपयुक्त कर्मचारीहरूद्वारा अनुमोदित गरिएको हुनुपर्छ।

**6.8.2.** सहयोगी कागजातहरू सबै आर्थिक सहायता निर्धारणहरूसँगै हुनुपर्छ र माथिको खण्ड 6.2.7 मा उल्लेख गरिएअनुसार राख्नुपर्छ।

**6.9. स्वीकृति अवधि**

आर्थिक सहायता योग्यता नीति अन्तर्गत बनाइएका सबै आर्थिक सहायता आवेदन अनुमोदनहरू कम्तीमा 90 दिनको अवधिका लागि लागू हुन सक्छन् र त्यसपछिको आपतकालीन वा चिकित्सकीय रूपमा आवश्यक स्याहार समावेश भएको हुन सक्छ। आर्थिक अवस्थामा परिवर्तन वा तेस्रो पक्ष भुक्तानीकर्ता योग्यता थप गर्नाले स्वीकृति अवधि परिवर्तन गर्न सक्छ र थप समीक्षा आवश्यक पर्दछ।

**6.10. अपील गर्ने प्रक्रिया**

नीतिका प्रावधानहरू अन्तर्गत आर्थिक सहायता अस्वीकार गरिएका व्यक्तिहरूले निर्धारणको समीक्षाको लागि अनुरोध गर्न सक्छन्। स्वीकृतिको लागि प्राधिकरणको अर्को तहमा समीक्षाहरू गरिने छ।

बिरामीको पहुँच भित्र अपीलहरू व्यवस्थापनको स्तरभन्दा माथि बढ्यो भने त्यसलाई राजस्व चक्रको Corewell Health SVP वा उसको/उनको नियुक्तिद्वारा चयन गरिएको Corewell Health को वरिष्ठ नेतृत्वको प्यानलमा लगिन्छ।

**6.11. भुक्तानी नभएको अवस्थामा सङ्कलन प्रयासहरू**

यदि बिरामी/जमानीकर्ताले यस नीति अन्तर्गत आर्थिक सहायताको लागि आवेदन नदिए वा योग्यता नभएमा, भुक्तानी नगरेको अवस्थामा Corewell Health ले गर्न सक्ने सङ्कलनका कार्यहरू तल सूचीबद्ध नीतिहरूमा पूर्ण रूपमा वर्णन गरिएको छ:

- बिलिङ र सङ्कलन नीति (Corewell Health Southeast Michigan)
- ब्यालेन्स बिलिङको लागि जिम्मेवार बिरामी र सङ्कलन नीति (Corewell Health Southwest and West Michigan)

माथिका नीतिहरूको निःशुल्क प्रतिलिपि यहाँ प्राप्त गर्न सकिन्छ:

- लागि Corewell Health Southeast Michigan:
  - https://www.beaumont.org/patients-families/billing/financial-assistance
  - (877) 687.7309 मा कल गरेर
  - वा EastFinancialCounseling@corewellhealth.org मा इमेल गरेर
- लागि Corewell Health Southwest Michigan:
  - https://www.spectrumhealthlakeland.org/patient-visitor-guide/patient/billing/financial-assistance
  - (844) 408.4103 मा कल गरेर
  - वा SHLFinancialCounseling@corewellhealth.org मा इमेल गरेर
- लागि Corewell Health West Michigan:
  - https://www.spectrumhealth.org/billing/financial-assistance
  - (844) 838.3115 मा कल गरेर
  - वा FinancialCounseling@corewellhealth.org मा इमेल गरेर

कुनै पनि सङ्कलन कार्यहरू प्रारम्भ गर्नुभन्दा कम्तीमा 30 दिनअघि प्रत्येक व्यक्तिलाई छुट्टै लिखित सूचना उपलब्ध गराइने छ।

**6.12. सामान्य रूपमा बिल गरिएको रकम गणना गर्ने आधार (AGB)**

Corewell Health (पर्याप्त रूपमा सम्बन्धित निकायहरू सहित) ले आर्थिक सहायता नीति ("FAP") लाई आकस्मिक र अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहारको लागि योग्य बिरामीहरूलाई रकमहरूको सामान्यतया बिल (AGB) भन्दा बढी शुल्क लगाउँदैन जोसँग यस्तो स्याहार कभर गर्ने बीमा छ। यसको सट्टामा, Corewell Health ले यस नीति अन्तर्गत आर्थिक सहायताका लागि योग्यताका मापदण्डहरू पूरा गर्ने कुनै पनि बिरामीहरूलाई आपतकालीन वा अन्य चिकित्सकीय रूपमा आवश्यक स्याहार निःशुल्क प्रदान गर्दछ। Corewell Health ले पछाडी-हेर्ने विधिको प्रयोग गर्दछ र यसको सबै दाबीहरूको योगफललाई विभाजन गर्दै आकस्मिक र अन्य चिकित्सकीय आवश्यक स्याहारका लागि प्रत्येक अस्पताल स्थलको लागि AGB प्रतिशत गणना गर्दछ जुन Medicare को सेवा शुल्कलाई अघिल्लो बाह्र (12) महिनाको पात्रो वर्षका लागि निजी बीमाको संयोजन सँगै, ती दाबीहरूका लागि सम्बन्धित कुल शुल्कहरूको योगफलद्वारा अनुमति दिइएको छ। Corewell Health ले आफ्नो वेबसाइटमा AGB गणना विवरण र प्रतिशतहरूको हालको प्रतिलिपि पोस्ट गर्दछ:

- billilng-percentages-english.pdf (beaumont.org) (Corewell Health Southeast Michigan).
- amounts-generally-bill-agb-table2019-english.pdf (spectrumhealthlakeland.org) (Corewell Health Southwest Michigan).
- spectrum-health-amounts-generally-billed-table.pdf (contentstack.io) (Corewell Health West Michigan).

Michigan कानून बमोजिम, Corewell Health ले Medicare प्रतिपूर्ति दरको 115% भन्दा बढी FPG को 250% वा सोभन्दा कम घरपरिवारको आम्दानी भएको बीमा नगरिएका बिरामीलाई शुल्क तिर्न लगाउने छैन।

6.13. **विपत्तिपूर्ण आर्थिक बोझ**

Corewell Health ले स्वीकार गर्दछ कि ठूला स्वास्थ्य घटनाहरूको कारण बिरामी र परिवारलाई विपत्तिपूर्ण आर्थिक बोझ निम्त्याउन सक्छ, त्यस्तो स्थितिमा Corewell Health ले व्यक्तिगत आधारमा विपत्तिपूर्ण अवस्थाहरूको समीक्षा गर्ने अधिकार सुरक्षित गर्दछ। बितेको 240 दिनहरू भित्र जम्मा भएको मेडिकल बिलहरूका साथै अर्को 90 दिन भित्रमा जम्मा हुने अनुमान गरिएका बिलहरूको आधारमा आर्थिक भारलाई घटाउने सम्बन्धि विचार गरिने छ। विपत्तिपूर्ण आर्थिक बोझ भनेको परिवारको वार्षिक आयको 25% वा त्यो भन्दा बढीको आर्थिक बोझको परिणाम हो।

7. **संशोधनहरू**

Corewell Health ले पूर्व लिखित सूचनाविना कुनै पनि समयमा यो नीति परिवर्तन, परिमार्जन, बद्लि गर्ने वा हटाउने अधिकार सुरक्षित गर्दछ।

यस नीतिमा भएका कुनै पनि संशोधन Corewell Health का अध्यक्ष र मुख्य कार्यकारी अधिकारी र तिनका प्रतिनिधिहरूलाई सुम्पिएका हुन्छन्। यस नीतिमा कुनै पनि संलग्नक र यस नीतिसँग सम्बन्धित कागजातहरूका लागि सबै संशोधन जस्तै आर्थिक सहायताको आवेदन, सरल भाषा सारांश, आदि, वरिष्ठ निर्देशक दर्ता र आर्थिक परामर्श, Corewell Health लाई सुम्पिएको छ।

8. **नीतिहरू हटाइएको र प्रतिस्थापित:** यस नीतिले यस नीतिको प्रभावकारी मिति अनुरूपको रूपमा निम्न नीतिहरू हटाउँछ र प्रतिस्थापन गर्दछ: Spectrum Health Hospital Group Financial Assistance Eligibility Policy #SH-ADMIN-FIN-001; Lakeland Heath Financial Assistance Policy CORP #176; Spectrum Health Financial Assistance Eligibility Policy #2983; Beaumont Health Financial Assistance Policy #9349605.

9. **सन्दर्भहरू**

बिरामीका अधिकार र जिम्मेवारीहरू (Corewell Health Southeast Michigan)
बिरामीका अधिकार र जिम्मेवारीहरू (Corewell Health Southwest Michigan)
बिरामीका अधिकार र जिम्मेवारीहरू (Corewell Health West Michigan)
बिलिङ र सङ्कलन नीति (Corewell Health Southeast Michigan)
ब्यालेन्स बिलिङका लागि जिम्मेवार बिरामी र सङ्कलन नीति (Corewell Health Southwest and West Michigan)
आपतकालीन चिकित्सकीय उपचार तथा सक्रिय श्रम ऐन (EMTALA) (Corewell Health Southeast Michigan)
आपतकालीन चिकित्सकीय अवस्था / उपचार / ट्रान्सफर नीति (आपतकालीन चिकित्सकीय उपचार तथा सक्रिय श्रम ऐन - EMTALA) (Corewell Health Southwest and West Michigan)
कागजात अवधारण नीति तथा प्रक्रियाहरू (Corewell Health Southeast Michigan)
रेकर्ड व्यवस्थापन, अवधारण तथा क्षति नीति (Corewell Health Southwest and West Michigan)

10. **नीति विकास र स्वीकृति**

**कागजात मालिक:**

Kyleigh Hafeli (Project Specialist)

**लेखक(हरू):**

Sarah Clark (VP, Registration/Fin Counseling)

**समीक्षक(हरू):**

Amy Assenmacher (SVP, Finance Revenue Cycle), Benjamin Schwartz (President, Corewell Health East), Celeste Mcintyre (SVP, Corporate Controller), Christopher Flores (SVP, Finance), Courtney Guernsey (VP, Patient Financial Services), Darryl Elmouchi (Chief Operating Officer), Hardik Dalal (SVP, Finance), Loren Hamel (President, Corewell Health South), Matthew Cox (Chief Financial Officer), Steffany Dunker (SHWM Volunteer)

**अनुमोदकः**

Christina Freese Decker (President & CEO)

**11. मुख्य शब्दहरूः**

सहायता, गरिबी, योग्यता, परोपकार, निर्णयहरू, परोपकार स्याहार, निःशुल्क स्याहार, फ्याप, fap

# Corewell Health आर्थिक सहायता योग्यता नीति- संलग्न A

Corewell Health को आर्थिक सहायता योग्यता नीति ("नीति") ले Corewell Health निकायहरू (नीतिमा सूचीबद्ध) र यी संस्थाहरूद्वारा कार्यरत सबै प्रदायकलाई मात्र समेट्छ।

**Corewell Health Southeast Michigan:**
नीतिले कभर नगरेका प्रदायकहरूको सूची हाम्रो वेबसाइटमा यहाँ क्लिक गरेर हेर्नुहोस्।

**Corewell Health Southwest Michigan:**
यो नीति Caring Circle मा लागू हुँदैन। यस नीतिले कभर नगरेका प्रदायकहरूको सूची यहाँ क्लिक गरेर हाम्रो वेबसाइटमा हेर्न सकिन्छ।

**Corewell Health West Michigan:**
नीतिले कभर नगरेका प्रदायकहरूको सूची यहाँ क्लिक गरेर हाम्रो वेबसाइटमा हेर्न सकिन्छ।

Corewell Health™

# नशनल हेल्थ सर्भिस कर्प्स र Michigan लोन रिपेमेन्ट स्लाइडिङ फी स्केल छुट कार्यक्रम - संलग्न B

**निम्न Corewell Health NHSC र MSLRP स्वीकृत अभ्यास स्थलहरूमा मात्र लागू हुने छ**

**नीतिः** आवश्यकतामा परेकाहरूलाई निःशुल्क वा छुट सेवाहरू उपलब्ध गराउने। Corewell Health नेशनल हेल्थ सर्भिस कर्प्स ("NHSC") वा Michigan स्टेट लोन रिपेमेन्ट प्रोग्राम ("MSLRP") स्वीकृत अभ्यास स्थलमा स्याहार प्राप्त गर्ने बिरामीहरूलाई NHSC कट मापदण्डहरू बमोजिम आय र परिवारको आकारको आधारमा आर्थिक सहायताका लागि मूल्याङ्कन गरिने छ र अन्य कारकहरूको आधारमा मूल्याङ्कन गरिने छैन।

**उद्देश्यः** Corewell Health NHSC र MSLRP स्थलहरूमा स्वास्थ्य स्याहार सेवाहरू खोज्ने सबै बिरामीहरूलाई तिर्न सक्ने क्षमताको बावजुद पनि सेवा दिइने छ भनेर आश्वासन दिइन्छ। तिर्न सक्ने आर्थिक स्रोत नहुँदा कसैलाई पनि सेवा लिनबाट वञ्चित गरिँदैन। यो कार्यक्रम उनीहरूका चिकित्सकीय सेवाहरू (बीमा नभएका वा अपर्याप्त बीमा भएका) का लागि कुनै आय नभएका वा सीमित आय भएकाहरूलाई निःशुल्क वा छुटमा स्याहार प्रदान गर्न डिजाइन गरिएको हो।

NHSC वा MSLRP अनुमोदित अभ्यास स्थलमा स्याहार प्राप्त गर्ने बिरामीहरूले हालको NHSC/MSLRP गोप्य आर्थिक सहायता आवेदन प्रयोग गर्न सक्छन्। NHSC वा MSLRP स्थलहरूमा स्याहार प्राप्त गर्ने आवेदकहरूले आर्थिक सहायताका लागि योग्य हुनुअघि तेस्रो पक्ष बीमा, राज्य, संघीय वा अन्य परोपकारी कार्यक्रमहरूबाट लाभहरूका लागि आवेदन दिन आवश्यक छैन।

Corewell Health NHSC र MSLRP अनुमोदित अभ्यास स्थलहरूले एक स्लाइडिङ फी स्केल छुट कार्यक्रम अफर गर्ने छ जो आफ्ना सेवाहरूका लागि तिर्न असमर्थ छन् । NHSC वा MSLRP अनुमोदित अभ्यास स्थलमा भुक्तान गर्न असमर्थ हुने कुसैलाई पनि सेवाहरूमा पहुँच अस्वीकार गरिने छैन। Corewell Health ले कार्यक्रम योग्यतालाई व्यक्तिको भुक्तानी गर्ने क्षमतामा आधारित गर्ने छ र व्यक्तिको जात, रङ, लिङ्ग, राष्ट्रिय मूल, असक्षमता, धर्म, उमेर, यौन झुकाव वा लैङ्गिक पहिचानको आधारमा भेदभाव गर्ने छैन। संघीय गरिबी दिशानिर्देशहरू ("FPG") लाई योग्यता निर्धारण गर्न स्लाइडिङ शुल्क तालिका (SFS) सिर्जना गर्न र वार्षिक रूपमा अद्यावधिक गर्न प्रयोग गरिन्छ। यद्यपि, Corewell Health NHSC वा MSLRP स्वीकृत अभ्यास स्थलमा स्याहार प्राप्त गर्ने बिरामीहरू जो गरिबी स्तरको 250 प्रतिशत वा कम भएका (हालको मार्गनिर्देशनहरूका लागि https://aspe.hhs.gov/poverty-guidelines हेर्नुहोस्) बिरामीहरूले स्लाइडिङ शुल्क छुट कार्यक्रमसँग मिल्ने NHSC वा MSLRP अनुमोदित स्थलमा प्रदान गरिएका सेवाहरूका लागि सबै आर्थिक दायित्व (निशुल्क स्याहार) हटाइने छ।

**कार्यविधिः**

स्लाइडिङ शुल्क छुट कार्यक्रम प्रदान गर्दा निम्न दिशानिर्देशहरूको पालना गर्नुपर्छ।

1. सूचना: Corewell Health ले स्लाइडिङ शुल्क छुट कार्यक्रमका बिरामीहरूलाई निम्नद्वारा सूचित गर्ने छ:
   - सेवाको समयमा सबै बिरामीका लागि भुक्तानी नीति जानकारी उपलब्ध हुने छ।
   - स्लाइडिङ शुल्क छुट कार्यक्रमको सूचना प्रत्येक बिरामीलाई भर्ना गर्दा प्रस्ताव गरिने छ।
   - Corewell Health द्वारा पठाइएको सङ्कलन सूचनाहरूसँग स्लाइडिङ शुल्क छुट कार्यक्रम उपलब्धतासम्बन्धी जानकारी समावेश गरिने छ।
   - हाम्रो स्लाइडिङ शुल्क छुट कार्यक्रमको व्याख्या र हाम्रो आवेदन फारामहरू Corewell Health को वेबसाइटमा उपलब्ध छ।
   - Corewell Health ले क्लिनिक प्रतिक्षालयमा स्लाइडिङ शुल्क छुट कार्यक्रमको सूचना राख्छ।

2. छुटको अनुरोध: बिरामीहरू, परिवारका सदस्यहरू, सामाजिक सेवाका कर्मचारीहरू वा विद्यमान आर्थिक कठिनाइहरू बारे सचेत अरूहरूद्वारा छुट गरिएका सेवाहरूको अनुरोधहरू गर्न सकिन्छ। स्लाइडिङ शुल्क छुट कार्यक्रम क्लिनिक भ्रमणका लागि मात्र उपलब्ध गराइने छ। जानकारी र फारमहरू फ्रन्ट डेस्क र व्यवसाय कार्यालयबाट प्राप्त गर्न सकिन्छ।

निकायहरूले उपयुक्त भएसम्म यस कागजातमा समावेश भएको सम्बन्धित कागजातलाई उल्लेख गर्ने छ
यस कागजातको प्रिन्ट गरिएका प्रतिहरूको म्याद सकिएको हुन सक्छ र यसलाई अनियन्त्रित मानिनुपर्छ।

3. प्रशासनः स्लाइडिङ शुल्क छुट कार्यक्रम प्रक्रियाको प्रबन्ध बिरामी पहुँच आर्थिक सहायता समीक्षा टोली मार्फत गरिने छ। FAP र स्लाइडिङ शुल्क छुट कार्यक्रम नीति र प्रक्रिया बारे जानकारी बिरामीहरूलाई प्रदान गरिने छ। कर्मचारीहरूले आवेदन फारम पूरा गर्नको लागि सहयोग प्रदान गर्ने छन्। स्वास्थ्य स्याहार सेवाहरू खोज्ने र/वा प्रदान गर्ने सबैको मर्यादा र गोपनीयताको सम्मान गरिने छ।

4. आवेदनको पूर्णता: बिरामी/उत्तरदायी पक्षले NHSC र MSLRP गोप्य आर्थिक सहायता आवेदन फाराम पूर्ण रूपमा भर्नुपर्छ। आवश्यकता परेमा बिरामी/जिम्मेवार पक्षलाई आवेदन भर्न सहयोग गर्न कर्मचारीहरू उपलब्ध हुने छन्। आवेदनमा हस्ताक्षर गरेर, आवेदकहरूले आवेदन फाराममा खुलासा गरे अनुसारको आफ्नो आय पुष्टि गर्दैछन्।

5. योग्यताः छुटहरू आम्दानी र परिवारको आकारमा मात्र आधारित हुने छन्।
   a. परिवारलाई निम्न रूपमा परिभाषित गरिएको छ: जन्म, विवाह वा धर्मपुत्र ग्रहण र सँगै बस्ने सम्बन्धमा दुई वा सोभन्दा बढी व्यक्तिहरूको समूह (जसमध्ये एक घरधनी हो); त्यस्ता सबै व्यक्तिहरू (सम्बन्धित उप-परिवारका सदस्यहरू सहित) लाई एउटै परिवारको सदस्य मानिन्छन्। परिवार आकार गणना गर्दा Corewell Health ले गैर-सम्बन्धित परिवारका सदस्यहरूलाई स्वीकार गर्ने छ।
   b. आयले यी कुराहरू समावेश गर्छ: कूल ज्याला; तलब; टीप्स; व्यापार र स्व-रोजगारबाट आय; बेरोजगारी क्षतिपूर्ति; कामदारहरूको क्षतिपूर्ति; सामाजिक सुरक्षा; पूरक सुरक्षा आय; भु.पू सैनिकहरूको भुक्तानी; बाँचेकाहरूको लाभहरू; पेन्सन वा सेवानिवृत्ति आय; ब्याज; लाभांश; रोयल्टी; भाडा सम्पत्ति, सम्पत्ति, र ट्रस्टहरूबाट आलिमोनी; बालबच्चा पालनको सहयोग; घर बाहिरबाट सहयोग; र अन्य विविध स्रोतहरू।

6. आय प्रमाणीकरण: आवेदकहरूले निम्नमध्ये एउटा प्रदान गर्न सक्छन्: अघिल्लो वर्षको W-2, दुई वटा सबैभन्दा भर्खरको पे स्टबहरू, रोजगारदाताबाट पत्र वा फाराम 4506-T (यदि W-2 फाइल गरिएको छैन भने)। स्व-रोजगार भएका व्यक्तिहरूले व्यवसायको लागि हालैको तीन महिनाको आय र व्ययको विवरण पेश गर्नु पर्ने हुनसक्छ। यस कार्यक्रमको लागि योग्यता निर्धारण गर्न पर्याप्त जानकारी उपलब्ध गराउनुपर्छ। आयको स्व-घोषणा प्रयोग गर्न सकिन्छ। लिखित प्रमाणीकरण प्रदान गर्न असमर्थ भएका बिरामीहरूले आयको हस्ताक्षर गरिएको एउटा विवरण प्रदान गर्न सक्छन्।

7. छुटहरू: NSHC वा MSLRP द्वारा स्वीकृत स्थलहरू गरिबीको 250% वा सोभन्दा कम आम्दानी भएका बिरामीहरूले स्वास्थ्य स्याहार सेवाहरूका लागि पूर्ण 100% छुट पाउने छन् (अर्थात, निःशुल्क स्याहार पाउने छन्)। NHSC र MSLRP द्वारा अनुमोदित स्थलहरू बिरामीहरू निर्धारणको मितिदेखि 90 दिनका लागि यो छुट योग्य छन् र प्रत्येक 90 दिनमा पुनः आवेदन दिनुपर्छ।

8. आवेदक सूचना: स्लाइडिङ शुल्क छुट कार्यक्रम निर्धारण लिखित रूपमा आवेदक(हरू) लाई प्रदान गरिने छ वा, यदि लागू भएमा, अस्वीकारको कारण दिईने छ। कार्यक्रमका आवेदनहरूले आवेदन मिति अघि 6 महिनाको लागि बक्यौता बिरामी बाँकीहरू र अनुमोदित मिति पछि 90 दिन भित्र लाग्ने कुनै पनि बाँकी कभर गर्दछ, जबसम्म उनीहरूको आर्थिक स्थितिमा उल्लेखनीय परिवर्तन हुँदैन। आवेदकसँग 90 दिनको म्याद सकिएपछि वा पारिवारिक आम्दानीमा उल्लेखनीय परिवर्तन भएको बेलामा पुनः आवेदन दिने विकल्प हुन्छ। जब आवेदकले पुनः आवेदन दिन्छ, पछाडि हेरिने अवधि 6 महिनाभन्दा कम वा उनीहरूको पछिल्लो आवेदनको म्याद समाप्तीको अवधि हुने छ।

9. भुक्तानी गर्न अस्वीकार: यदि बिरामीले मौखिक रूपमा भुक्तानी गर्न इच्छुक नभएको वा सेवाहरूको लागि भुक्तान नगरी परिसर खाली गर्छ भने, बिरामीलाई उनीहरूको भुक्तानी दायित्वहरूको बारेमा लिखित रूपमा सम्पर्क गरिने छ। यदि बिरामीले स्लाइडिङ शुल्क तालिकाको लागि आवेदन दिएको छैन भने, स्लाइडिङ शुल्क छुट कार्यक्रमको उपलब्धतासम्बन्धी जानकारी सूचनासँगै समावेश गरिने छ। यदि बिरामीले भुक्तानी गर्न प्रयास गर्दैन वा 60 दिन भित्र जवाफ दिन असफल भयो भने, यसले भुक्तानी गर्न अस्वीकार गरेको ठहर्छ। यस बिन्दुमा, Corewell Health ले बिरामीलाई भुक्तानी योजना प्रस्ताव गर्ने, शुल्क माफ गर्ने वा सङ्कलनमा बिरामीलाई रिफर गर्ने लगायतका विकल्पहरूमा मात्र सीमित नभई विकल्पहरूको खोजी गर्न सक्छ। Corewell Health को बिलिङ र सङ्कलन नीति NHSC र MSLRP का बिरामीहरूलाई लागू हुन्छ जो FPG को 250% भन्दा माथि छन्। माथि वर्णन गरिएअनुसार, 250% FPG मुनिकाहरूलाई स्याहारका लागि शुल्क लाग्ने छैन र त्यसैले तिनीहरू सङ्कलन नीतिमा पर्दैनन्।

10. रेकर्ड राख्ने: स्लाइडिङ शुल्क छुट कार्यक्रम निर्णयहरूसँग सम्बन्धित जानकारीलाई कार्यक्रम प्रशासकले राख्ने छन्। आवेदन अनुमोदन तथा अस्वीकारसम्बन्धी विवरणहरू अभ्यास व्यवस्थापन प्रणालीद्वारा राखिने छ र कार्यक्रम प्रशासकद्वारा अनुगमन गरिने छ।

11. नीति र कार्यविधि समीक्षा: SFS लाई हालको संघीय गरिबी दिशानिर्देशहरूको आधारमा अद्यावधिक गरिने छ। Corewell Health ले हाम्रो नीति र प्रक्रियाहरूमा सम्भावित परिवर्तनहरू समीक्षा गर्ने छ र संस्थागत अभ्यासहरू जाँच गर्नका लागि पनि योग्य बिरामीहरूलाई हाम्रो सामुदायिक स्याहारका प्रावधानहरूमा पहुँच गर्नबाट रोक्ने बाधाहरूको रूपमा काम गर्न सक्छ।

12. बजेटः वार्षिक बजेट प्रक्रियामा, स्लाइडिङ शुल्क छुट कार्यक्रम सेवाको अनुमानित रकमलाई राजस्वबाट कटौतीको रूपमा बजेटमा राखिने छ।

## स्लाइडिङ शुल्क तालिका

| घरपरिवारको आकार | संघीय गरिबी दिशानिर्देशहरू | |
|---|---|---|
| | **100%** | **250%** |
| **1** | $15,060 | $37,650 |
| **2** | $20,440 | $51,100 |
| **3** | $25,820 | $64,550 |
| **4** | $31,200 | $78,000 |
| **5** | $36,580 | $91,450 |
| **6** | $41,960 | $104,900 |
| **7** | $47,340 | $118,350 |
| **8** | $52,720 | $131,800 |
| हरेक अतिरिक्त व्यक्ति | $5,380 | $13,450 |

# संलग्न C

**गैर-भेदभावको सूचना:**

Corewell Health र सबै सहायक निकायहरूको नीति भनेको सबै मानिसका लागि समान गुणस्तरीय स्वास्थ्य स्याहार उपलब्ध गराउनु हो। Corewell Health ले जात, रङ, राष्ट्रिय मूल, नागरिकता, लिङ्ग, धर्म, उमेर, अपाङ्गता, राजनीतिक आस्था, लैङ्गिक झुकाव र वैवाहिक वा पारिवारिक स्थितिको आधारमा भेदभाव गर्ने छैन। भर्ना र उपचारका निर्णयहरू केवल चाहिएको स्वास्थ्य स्याहार र उपचार उपलब्ध गराउनका लागि बिरामीको चिकित्सा आवश्यकता र उक्त सुविधास्थलको क्षमता र सक्षमताहरूको आधारमा हुने छन्। कुनै पनि जात, रङ, लैङ्गिक्ता, लिङ्ग, जाति, राष्ट्रिय मूल, धर्म, अपाङ्गता, उमेर, HIV स्थिति, सेवानिवृत्त वा सैनिक सेवा स्थिति, सेवाका लागि भुक्तान गर्ने स्रोत वा संघीय, राज्य वा स्थानीय कानुनद्वारा निषेधित अन्य कुनै पनि कारणको आधारमा भर्ना र उपचारलाई अस्वीकार गरिने छैन। बिरामीहरूलाई उनीहरूका लैङ्गिक्ता परिचयसँग मिल्ने तरिकामा उपचार गरिने छ।

थप विवरणको लागि बिरामीका अधिकार र कर्तव्यहरू (Corewell Health Southeast Michigan), बिरामीका अधिकार र कर्तव्यहरू (Corewell Health Southwest Michigan) वा बिरामीका अधिकार र कर्तव्यहरू (Corewell Health West Michigan) का नीति हेर्नुहोस्।

Corewell Health:

- हामीसँग प्रभावकारी रूपले सञ्चार गर्नको लागि अपाङ्गता भएकाहरूलाई निःशुल्क सहायता र सेवाहरू प्रदान गर्दछ, जस्तै:
    - दक्ष साङ्केतिक भाषा अनुवादकहरू
    - अन्य फर्म्याटमा भएको लिखित जानकारी (ठूलो प्रिन्ट, अडियो, पहुँचयोग्य इलेक्ट्रोनिक फर्म्याट, अन्य फर्म्याट)
- प्राथमिक भाषा अङ्ग्रेजी नभएका मानिसहरूलाई निःशुल्क भाषा सेवाहरू प्रदान गर्दछ, जस्तै:
    - दक्ष अनुवादकहरू
    - अन्य भाषाहरूमा लेखिएका जानकारी

यदि तपाईंलाई यी सेवाहरू चाहिन्छ भने, Corewell Health Southwest and West Michigan लागि भाषा सेवाहरूमा
यहाँ सम्पर्क गर्नुहोस्: 616.267.9701 वा 1.844.359.1607 (TTY:711).

Corewell Health Southeast स्थानहरूका लागि बिरामी र परिवार अनुभव विभागमा सम्पर्क गर्नुहोस्:
313-593-7070 (Dearborn, Taylor, Trenton, and Wayne), 947-521-8880 (Farmington Hills), 248-551-7040 (Grosse Pointe, Royal Oak, Troy), 248-426-6976 (Farmington Hills RNC), 248-743-9500 (Corewell Health Southeast Michigan Home Health Services)। 313-253-9024 (Dearborn RNC) वा 947-522-2007 (Corewell Health Southeast Michigan Medical Group)।

यदि तपाईं विश्वास गर्नुहुन्छ कि Corewell Health ले यी सेवाहरू प्रदान गर्न असफल भएको छ वा जाति, रङ, राष्ट्रिय मूल, उमेर, अपाङ्गता वा लिङ्ग, यौन झुकाव, लैङ्गिक पहिचान वा धर्मको आधारमा अर्को तरिकामा भेदभाव गरेको छ भने तपाईंले निम्नसँग गुनासो गर्न सक्नुहुन्छ:

- लागि Corewell Health Southeast Michigan
  Patient Experience Department
  26901 Beaumont Blvd.
  Southfield, MI 48033
  947-522-1472
  Pfcc@beaumont.org
- लागि Corewell Health Southwest and West Michigan
  Director, Patient Experience
  100 Michigan St NE MC 006
  Grand Rapids, MI 49503
  616-391-2624; टिल फ्रि: 1-855-613-2262
  patientrelations@corewellhealth.org

तपाईं व्यक्तिगत रूपमा वा मेल, फ्याक्स वा इमेलद्वारा गुनासो पेश गर्न सक्नुहुन्छ। तपाईंलाई गुनासो पेश गर्न मद्दत चाहिन्छ भने, बिरामी अनुभव निर्देशक तपाईंलाई मद्दत गर्न उपलब्ध हुनुहुन्छ।

तपाईं https://ocrportal.hhs.gov/ocr/portal/lobby.jsf मा उपलब्ध नागरिक अधिकार उजुरी पोर्टलमार्फत विद्युतीय रूपमा वा निम्न ठेगानामा मेल गरेर वा निम्न नम्बरमा फोन गरेर संयुक्त राज्य स्वास्थ्य तथा मानव सेवा विभाग, नागरिक अधिकार कार्यालयसँग नागरिक अधिकारसम्बन्धी उजुरी दायर गर्न पनि सक्नुहुन्छ:

U.S. Department of Health and Human Services
200 Independence Avenue SW, Room 509F, HHH
Building Washington, DC 20201
1-800-368-1019, 800-537-7697 (TDD).

गुनासो फारामहरू यहाँ उपलब्ध छन् http://www.hhs.gov/ocr/office/file/index.html

हामीलाई सम्पर्क गर्नुहोस्

**Español (Spanish)**
ATENCIÓN: Si usted habla español, tiene a su disposición servicios gratuitos de asistencia lingüística. Llame al 1-844-359-1607 (TTY: 711).

**العربية (Arabic)**
ملحوظة: إذا كنت تتحدث اللغة العربية، فإن خدمات المساعدة اللغوية تتوافر لك بالمجان. اتصل برقم 1-844-359-1607 (رقم هاتف الصم والبكم: 711).

**中文 (Chinese): 國語/普通話 (Mandarin), 粵語 (Cantonese)**
請注意：如果您講中文，你可以獲得免費的語言輔助服務。請撥打1-844-359-1607（TTY 手語翻譯：711）。

**Tiếng Việt (Vietnamese)**
CHÚ Ý: Nếu bạn nói Tiếng Việt, có các dịch vụ hỗ trợ ngôn ngữ miễn phí dành cho bạn. Gọi số 1-844-359-1607 (TTY: 711).

**Ako govorite srpsko (Serbian, Croatian or Bosnian)**
OBAVJEŠTENJE: Ako govorite srpsko-hrvatski, usluge jezičke pomoći dostupne su vam besplatno. Nazovite 1-844-359-1607 (TTY: 711). (TTY- Telefon za osobe sa oštećenim govorom ili sluhom: 711).

**አማርኛ (Amharic)**
ማስታወሻ: የሚናገሩት ቋንቋ ኣማርኛ ከሆነ የትርጉም እርዳታ ድርጅቶች፣ በነጻ ሊያግዝዎት ተዘጋጀተዋል፡ ወደ ሚከተለው ቁጥር ይደውሉ 1-844-359-1607. (መስማት ለተሳናቸው: (TTY: 711).

**नेपाली (Nepali)**
ध्यान दिनुहोस्: तपाईंले नेपाली बोल्नुहुन्छ भने तपाईंको निम्ति भाषा सहायता सेवाहरू निःशुल्क रूपमा उपलब्ध छ । फोन गर्नुहोस् 1-844-359-1607 (टिटिवाइ: (TTY: 711).

**Thuɔŋjaŋ (Nilotic – Dinka)**
PIŊ KENE: Na ye jam në Thuɔŋjaŋ, ke kuɔny yenë kɔc waar thook atö̱ kuka lëu yök abac ke cïn wënh cuatë piny. Yuɔpë 1-844-359-1607 (TTY: 711).

**Kiswahili (Swahili)**
KUMBUKA: Ikiwa unazungumza Kiswahili, unaweza kupata, huduma za lugha, bila malipo. Piga simu 1-844-359-1607 (TTY: 711).

Corewell Health™

**فارسی (Farsi)**

توجه: اگر به زبان فارسی گفتگو می کنید، تسهیلات زبانی بصورت رایگان برای شما فراهم می باشد. با 1.844-359-1607 (TTY: 711). تماس بگیرید.

**Français (French)**
ATTENTION: Si vous parlez français, des services d'aide linguistique-vous sont proposés gratuitement. Appelez le 1.844-359-1607 (TTY: 711).

**မြန်မာ (Burmese)**

သတိပြုရန်- သင် မြန်မာစကားပြောဆိုပါက ဘာသာစကား အကူအညီဝန်ဆောင်မှုများကို အခမဲ့ ရရှိနိုင်ပါသည်။ 1-844-359-1607, (TTY: 711) ကို ခေါ်ဆိုပါ။

**فارسی دری (Dari)**

توجه اگر به زبان دری صحبت می کنید، خدمات کمک زبانی بصورت رایگان برای شما در 1-844-359-1607 (TTY: 711). دسترس است. تماس ب

**Kreyòl Ayisyen (Haitian Creole)**
ATANSYON: Si ou pale Kreyòl Ayisyen, gen èd nan lang ki disponib gratis pou ou. Rele nimewo 1-844-359-1607 (TTY: 711).

**Ikinyarwanda (Kinyarwanda)**
ICYITONDERWA: Niba uvuga ikinyarwanda, serivisi z'ubufasha ku byerekeye ururimi, urazihabwa, ku buntu. Hamagara 1-844-359-1607 (ABAFITE UBUMUGA BW'AMATWI BIFASHISHA ICYUMA CYANDIKA -TTY: 711).

**Soomaali (Somali)**
DIGTOONI: Haddii aad hadasho Soomaali, adeegyada caawimada luqadda, oo bilaasha, ayaad heli kartaa. Wac 1.844-359-1607 (TTY: 711).

**اللهجة السودانية (Sudanese)**

انتباه: إذا كنت تتحدّث اللهجة السودانية، خدمات المساعدة بلغتك متاحة مجاناً. اتصل على الأرقام 1-844-359-1607 (رقم الصم والبكم: 711).

**தமிழ் (Tamil)**
கவனம்: நீங்கள் தமிழ் பேசினால், உங்களுக்கு இலவசமான மொழி உதவிச் சேவைகள் கிடைக்கின்றன.இந்த எண்ணை அழைக்கவும்: 1-844-359-1607 (TTY: 711).

**ትግርኛ (Tigrinya)**
ትኹረት: ትግርኛ እንድሕር ትዛረብ ኮንካ፣ ናይ ቋንቋ ደገፍ ኣልግሎታት፣ ብናጻ ክቐርቡልካ እዮም። ደውል 1.844-359-1607 (TTY: 711)።